# श्री बेलपानी सामुदायिक वन उपभोक्ता समुह

**गोदावरी न.पा. ०४, कैलाली**

**पत्र संख्या : २०८०/०८१**
**च.नं. १८**

मितिः २०८१/०२/०५

काठ लिलाम बिक्रीको सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/०२/०२)

यस सा.व.उ.स.को सामुदायिक वन खण्डबाट आ.व. २०८०/०८१ मा नियमानुसार संकलन गरि यस समुहलाई हस्तान्तरण भई गोदावरी न.पा.०४, कैलालीमा घाटगद्दी भएको तपशिल बमोजिम लट र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजान पर्ने गरी लिलाम बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना मिति २०८१/०१/३१ गतेको सिटी पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र रितपूर्वकको सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपशिलः

१) वन पैदावारको विवरण :-

| वन पैदावारको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **जात** | **ग्रेड** | **गोलिया थान** | **काठको परिमाण (घ.फि.)** | **न्यूनतम मुल्य (रु.)** | **संकलन खर्च** | **कैफियत** |
| १ | साल | **A** | ३० | ५९७.७५ | ८२००९६.०० | प्रति क्यु. फि. रु. १५५ | |
| | | **B** | १८ | २१९.८३ | | | |
| | | **C** | २२ | १३६.९३ | | | |
| | | **जम्मा** | **७०** | **९५४.५** | | | |
| २ | सिसौ | **A** | १४ | २२२.२७ | ५०२२८१.०० | | |
| | | **B** | २३ | २५६.९२ | | | |
| | | **C** | २६ | १४८.९५ | | | |
| | | **जम्मा** | **६३** | **६२८.१** | | | |
| ३ | अस्ना | **A** | ६ | १४४.८३ | १०६९२५.०० | | |
| | | **B** | १० | १६३.३१ | | | |
| | | **जम्मा** | **१६** | **३०८.१** | | | |
| ४ | हल्दु | **A** | १ | १९.८२ | २१३६५.०० | | |
| | | **B** | ८ | ४४.७९ | | | |
| | | **जम्मा** | **९** | **६४.६१** | | | |

२) बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मितिः २०८१/०२/२२ (ख) समयः दिँउसो ४:०० बजे सम्म
३) बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय (क) अन्तिम मितिः २०८१/०२/२३ (ख) समयः दिँउसो १:०० बजे सम्म
४) बोलपत्र साथ कवुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको यस श्री बेलपानी सामुदायिक वन उपभोक्ता समूहको **राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, अत्तरिया** रहेको खाता नं. **४२४०१०००५०१४२००१.** मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकको ६ महिनाको बैंक ग्यारेन्टी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
५) बोलपत्र फाराम प्रति लटको रु. १,०००।- (पछि फिर्ता नहुने गरी) यस श्री **बेलपानी सा.व.उ.स.को कार्यालय, गोदावरी न.पा. ४**, बाट खरिद तथा दाखिला गर्न सकिनेछ ।
६) लिलाम बढाबढ हुने वन पैदावार **गोदावरी न.पा. ४** स्थित सा.व.उ.स.को घाटगद्दी स्थलमा गई हेर्न सकिने छ ।
७) लिलाममा भाग लिन ईच्छुक व्यक्ति, कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
८) निर्धारित न्यूनतम संख्याका र रितपूर्वक पर्न आएका बोलपत्रहरु **मिति २०८१/०२/२४** गते दिनका ३:०० बजे साँक्षीहरुको रोहवरमा खोलिने छ ।
९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम, मूल्य अभिबृद्धि कर, संकलन खर्च (कटान मुछान र ढुलान खर्च) छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।
१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
११) बोलपत्र विक्रि तथा दाखिला गर्ने अन्तिम दिन एवं खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुने छ ।
१२) बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सा.व.उ.स. मा निहित रहनेछ ।
१३) सिलबन्धी खामको बाहिर स्पष्ट रुपमा बोलपत्र दाताको नाम, ठेगाना तथा लट नं. उल्लेख गर्नु पर्ने छ ।
१४) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क गर्नु हुन अनुरोध छ ।
१५) माथि उल्लेख भएका बुदाहरु बाहेक छुट हुन गएका बुदाहरुमा प्रचलित कानुन बमोजिम हुने छ ।